जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



बर्ष १३ • अंक १७७ • २०८३ बैशाख ५ गते शनिवार • 18 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


## महोत्तरीमा 'मानव अधिकार रक्षकको अवस्था' विषयक छलफल कार्यक्रम सम्पन्न

**मो.इर्शाद**
**महोत्तरी, ४ बैशाख**



महोत्तरीको जलेश्वरमा जिल्लामा मानव अधिकार रक्षकहरूको वर्तमान अवस्था, उनीहरूले भोगिरहेका चुनौती तथा सम्बद्ध निकायहरूको भूमिकाबारे जलेश्वरमा एक विशेष छलफल कार्यक्रम सम्पन्न भएको छ । कोक्याप (COCAP) तथा साथ-साथ सिकाइ सञ्जालको संयुक्त आयोजनामा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक शैलेन्द्र भट्टले मानव अधिकारको संरक्षणमा प्रहरी प्रशासन सधैं गम्भीर रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "मानव अधिकार रक्षकहरूले समाजमा न्याय र समानताका लागि गर्ने कार्य प्रशंसनीय छ। उहाँहरूको सुरक्षा र कानुनी प्रक्रियामा प्रहरीले सधैं समन्वय र सहयोग गर्नेछ । कार्यक्रममा वक्ताहरूले मानव अधिकार संरक्षणका लागि अग्रपंक्तिमा रहेर काम गर्ने व्यक्तिहरू निरन्तर जोखिममा रहने भएकाले सुरक्षा, कानुनी सहयोग, मनो-सामाजिक समर्थन तथा राज्य-समाज दुवैको सहकार्य अत्यावश्यक रहेकोमा जोड दिए । छलफलमा सहभागीहरूले महोत्तरीमा देखा परिरहेका विभिन्न मानव अधिकार सम्बन्धी घटनाहरू, दण्डहीनता, अभिलेखीकरणको कमजोरी तथा स्थानीय तहमा समन्वय अभावजस्ता चुनौतीहरूबारे आ-आफ्ना धारणा राखेका थिए ।

कार्यकमको सहजीकरण मानबअधिकार रक्षक संजाल प्रदेश सदस्य अर्जुन कुमार साहले मानबअधिकार रक्षकहरुको अवस्था, समस्या, चुनौती र सरोकारवालाहरुको भूमिका वारे केन्द्रित भई सहजीकरण गरेका थिए । कार्यक्रम मार्फत मानव अधिकार रक्षकहरूको क्षमता अभिवृद्धि, सुरक्षा संयन्त्र सुदृढीकरण तथा सम्बद्ध निकायबीच सहकार्य बढाउने प्रतिबद्धता व्यक्त गरिएको आयोजकले जनाएको छ ।

## झाद्वारा यातायात व्यवस्था कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयको अनुगमन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ४ बैशाख**

धनुषा क्षेत्र नं. ३ का प्रतिनिधि सभा सदस्य मनिष झाले शुक्रबार जनकपुरधामस्थित यातायात व्यवस्था कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयको अनुगमन गरेका छन् ।

अनुगमनका क्रममा सेवाग्राहीसँग संवाद गर्दै उनले कार्यालयको सेवा प्रवाह, कर्मचारीको कार्यशैली तथा बिचौलियाको चलखेलबारे चासो व्यक्त गरे । अचानक गरिएको अनुगमनका बेला कार्यालय परिसरमा रहेक बिचौलियाहरू भागाभाग भएको प्रत्यक्षदर्शीहरूले बताए ।

सेवाग्राहीहरूका अनुसार सामान्य कामका लागि पनि अतिरिक्त रकम असुल्ने र अनावश्यक झन्झट सिर्जना गर्ने बिचौलियाहरूको प्रभाव लामो समयदेखि रहँदै आएको छ। सांसद झाले सेवा प्रवाहमा देखिएको विकृति तत्काल अन्त्य गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन् ।

'सर्वसाधारणले सहज रूपमा सेवा पाउनुपर्ने ठाउँमा बिचौलियाको दबदबा हुनु गम्भीर विषय हो,' उनले भने, 'यस्ता गतिविधि नियन्त्रण गर्न कडा कदम चाल्नुपर्ने अवस्था आएको छ ।'





GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

**कला जोगाऔं, संस्कृति बचाऔं ।**

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरुलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरुमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# देशले खोजेको मान्छे

*ए! अधेरी आऊ*
*हामी सहवास गरौं*
*दिनु छ देशलाई एक टुक उज्यालो*
*र हटाउनु छ कालरात्रीका*
*नमेटिएका धब्बाहरू*
*घृणित धब्बाहरू*
*पृथ्वीका बोझहरू*
*आफ्नै आमा चेलीबेटी र देशलाई लुछ्ने*
*कुटिलहरूका खातिर*
*अब*
*जंगबहादुर जस्तै आँटिलो*
*हिटलर जस्तै सहासी*
*कृष्ण जस्तै चतुरो*
*राम जस्तै मर्यादित*
*जन्माउनु छ देशले खोजेको मान्छे ।*
*पानीमा लवण झैं घुल्न सक्ने*
*बेमौसममा पनि फुल्न सक्ने*
*जनमानसको खुसीमा झुल्न सक्ने*
*निहत्था भिँडभाडमा एक्लै हिँड्न सक्ने*
*बुद्धि र चातुर्य पनले दुष्टसँग भिड्न सक्ने*
*पृथ्वीनारायण जस्तो राजनीतिज्ञ*
*महेन्द्र ,वीरेन्द्र जस्तो विकास प्रेमी,जनप्रिय*
*गणेशमान ,मदन भण्डारी जस्तो राजनेता*
*बलभद्र र भक्ति थापा जस्तो देशभक्त*
*जन्माउनु छ देशले खोजेको मान्छे*
*दुर्गा र कालीले जस्तो न्यया दिने*
*बुद्धले जस्तो शान्तिको सन्देश छर्ने*
*सीता र रतीले जस्तो पतिब्रताको शक्ति देखाउने*
*भृकुटी ,अरनिकोले जस्तै देशको नाम चिनाउने*
*जन्माउनु छ देशले खोजेको मान्छे ।*
*लक्ष्मीप्रसाद जस्तै कवि*
*नारायण गोपाल जस्तै गायक*
*शिद्धिचरण जस्तै युग बोल्ने*
*भैरब जस्तै व्याङ्ग्य हान्ने*
*भुपि. जस्तै देश बोल्ने*
*जन्माउनु छ देशले खोजेको मान्छे*
*के हामी दिन सक्छौं प्रिये?*
*यो देशले खोजेको मान्छे ।*

**रिजाल विनोद**
**बेलबारी-२ मोरङ**

# स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ पुनर्लेखन गर्ने तयारी

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ४ बैशाख**




मधेश प्रदेश सरकारले एक वर्षअघि मात्रै प्रदेश सभाबाट पारित गरेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ पुनर्लेखन गर्ने तयारी थालेको छ ।

ऐन कार्यान्वयनमा आएको छोटो अवधिमै गम्भीर त्रुटिहरू देखिएपछि सरकार संशोधन नभई सीधै पुनर्लेखनको बाटोमा अघि बढेको हो । प्रदेश सरकारले प्रारम्भमा केही सीमित दफामा मात्र त्रुटि रहेको निष्कर्ष निकाल्दै संशोधन प्रक्रिया अघि बढाएको थियो । तर, विस्तृत अध्ययनका क्रममा ऐनका विभिन्न प्रावधानहरूमा संरचनागत कमजोरी र अपूर्णता भेटिएपछि पुनर्लेखनको आवश्यकता औंल्याइएको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अन्तर प्रदेश सरुवा, स्वास्थ्य सेवातर्फका कर्मचारीको बढुवा लगायतका विषयमा देखिएका समस्या समाधानका लागि प्रारम्भिक ड्राफ्ट तयार गरी मुख्यन्यायाधिवक्ताको कार्यालयमा पठाएको थियो । तर, त्यसपछि गरिएको कानुनी अध्ययनले ऐनका धेरै आधारभूत पक्ष नै कमजोर रहेको देखाएको छ । मुख्यन्यायाधिवक्ता डा. सुनिलरञ्जन सिंहका अनुसार अध्ययनका क्रममा ऐनमा अपेक्षित धेरै विषय समेटिन नसकेको पाइएको छ । उनले भने, 'सुरुमा केही दफामा मात्र त्रुटि देखिएको थियो । तर, विस्तृत अध्ययनपछि ऐनमा व्यापक कमजोरी देखियो । केही महत्त्वपूर्ण विषय नै छुटेका छन् । त्यसैले पटक पटक संशोधन गर्नु भन्दा पुनर्लेखन गर्नु उपयुक्त हुने निष्कर्षमा पुगेका छौं ।'

विशेषगरी सामाजिक परिचालिका सम्बन्धी व्यवस्था ऐनमा स्पष्ट रूपमा समावेश नभएको, कर्मचारी व्यवस्थापनमा अस्पष्टता रहेको तथा अन्तर प्रदेश सरुवा बढुवामा विवाद सिर्जना हुने खालका प्रावधानहरू रहेको बताइएको छ । ऐन कार्यान्वयनमा आएपछि नै विभिन्न समस्या सतहमा देखिन थालेका थिए ।

अन्तर प्रदेश सरुवा र बढुवाको विषयलाई लिएर कर्मचारीहरू एक वर्षअघि आन्दोलनमा उत्रिएका थिए । तत्कालीन सरकारले समस्या समाधान गर्ने आश्वासन दिएर आन्दोलन थामथुम पारिएको थियो । तर, समस्या दीर्घकालीन रूपमा समाधान हुन नसकेको देखिएको छ ।

स्थानीय तहमा कर्मचारी व्यवस्थापन, पदपूर्ति, सेवा सर्त तथा पदोन्नति प्रक्रियामा अन्योल बढेपछि प्रशासनिक कामकाज समेत प्रभावित भएको बताइन्छ । मुख्यमन्त्री कार्यालयका प्रवक्ता रोहित कोइरालाका अनुसार ऐन पुनर्लेखनको ड्राफ्ट तयार भइसकेको छ । अब उक्त प्रस्ताव मन्त्रिपरिषद्मा छलफलपछि प्रदेश सभामा पेश गरिने तयारी भइरहेको छ । उनले भने, 'ऐनलाई व्यवहारिक र कार्यान्वयनयोग्य बनाउन पुनर्लेखन आवश्यक देखिएको हो ।

अब यसलाई व्यवस्थित रूपमा अघि बढाइनेछ ।' कानुन व्यवसायी तथा अधिवक्ता रक्षा रामले पर्याप्त अध्ययन, अनुसन्धान र बहस बिना ऐन निर्माण गरिनु नै अहिलेको अवस्थाको मुख्य कारण भएको बताउँछन् ।

उनका अनुसार कानुन निर्माण प्रक्रिया बहुपक्षीय छलफल र गहिरो विश्लेषणमा आधारित हुनुपर्छ । 'पहिलो चरणमा मस्यौदा तयार गर्दा नै विभिन्न पक्षबाट विश्लेषण हुनुपर्छ । त्यसपछि सरोकारवालासँग संवाद, सरकार र सदनमा गहिरो बहस भएपछि मात्र ऐन परिपक्व हुन्छ,' उनले भने । उनले थपे, 'अहिले देखिएको समस्या भाषागत नभई सारभूत कमजोरी हो । यसले प्रारम्भिक चरणमै पर्याप्त तयारी नपुगेको संकेत गर्छ ।' एक वर्षको छोटो अवधिमै ऐन पुनर्लेखन गर्नुपर्ने अवस्था आउनु सरकार र प्रदेश सभाको कार्यक्षमतामाथि गम्भीर प्रश्न उठाउने विषय बनेको छ ।

कानुन निर्माणजस्तो संवेदनशील विषयमा हतारो, कमजोर तयारी र अपर्याप्त बहसले प्रशासनिक संरचनामा दीर्घकालीन असर पार्न सक्ने विश्लेषकहरूको भनाइ छ । अब पुनर्लेखनको प्रक्रियामा सरकारले कति गम्भीरता देखाउँछ, सरोकारवालासँग कत्तिको व्यापक छलफल गर्छ र ऐनलाई कत्तिको व्यवहारिक बनाउँछ भन्ने कुराले मधेश प्रदेशको प्रशासनिक व्यवस्थापनको भविष्य निर्धारण गर्ने देखिएको छ ।

# संस्थागत विद्यालयलाई आवश्यक शैक्षिक तथा प्रशासनिक विवरण ७ दिनभित्र पेश गर्न निर्देशन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ४ बैशाख**



जनकपुरधाम उपमहानगरपालिकाले नगरभित्र सञ्चालनमा रहेका सबै संस्थागत विद्यालयलाई आवश्यक शैक्षिक तथा प्रशासनिक विवरण ७ दिनभित्र पेश गर्न निर्देशन दिएको छ ।

नगर कार्यपालिकाको कार्यालयअन्तर्गत शिक्षा, युवा तथा खेलकुद विकास शाखाले सूचना जारी गर्दै नगर शिक्षा समितिको चैत ३० गतेको निर्णयअनुसार विद्यालयहरुलाई आवश्यक कागजातसहित विवरण बुझाउन आग्रह गरेको हो ।

सूचना अनुसार विद्यालयहरुले विद्यालय वर्गीकरण, शुल्क निर्धारण तथा शैक्षिक सत्र २०८३ का लागि लागु गरिने सम्पूर्ण शुल्क विवरण पेश गर्नुपर्नेछ । विद्यालय वर्गीकरण गर्दा संस्थागत विद्यालय मापदण्ड निर्देशिका-२०६१ तथा विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि-२०८१ अनुसार कुन वर्गमा विद्यालय पर्छ भन्ने स्पष्ट आधार खुलाउनुपर्ने बताइएको छ । त्यस्तै, कक्षा १ देखि १२ सम्म अध्ययन अध्यापन गराइने पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सिकाइ सामग्रीको विस्तृत सूची पनि पब्लिकेशनको नाम र ठेगानासहित बुझाउनुपर्नेछ । उपमहानगरपालिकाले सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र विवरण नबुझाए आवश्यक कारबाही अघि बढाइने चेतावनीसमेत दिएको छ । शाखा प्रमुख अन्जु पाण्डेयद्वारा जारी सूचनामा विद्यालयहरुको शुल्क व्यवस्थापन र शैक्षिक सामग्रीमा पारदर्शिता कायम गर्न यस्तो कदम चालिएको जनाइएको छ ।

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: मित्रतामा फाटो आउने
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: आम्दानी हुने
धनु: लामो यात्राको योग छ
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: पढाईमा ध्यान दिनुपर्ने



## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इजरायल र लेबनानी नेताहरूलाई ह्वाइट हाउसमा निम्तो, दश दिने युद्धविराम लागू

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ बैशाख



अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इजरायल र लेबनानबीच १० दिने युद्धविरामको घोषणा गर्दै आगामी दुई हप्ताभित्र दुवै देशका शीर्ष नेताहरूलाई ह्वाइट हाउसमा आमन्त्रण गरेका छन्। उनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र लेबनानी राष्ट्रपति जोसेफ आउनसँग आगामी एक वा दुई हप्ताभित्र भेटवार्ता गर्ने बताएका हुन् ।

४४ वर्षमा पहिलो पटक हुन लागेको यस्तो उच्चस्तरीय भेटलाई ट्रम्पले अत्यन्तै उत्साहजनक र ऐतिहासिक कदमको रूपमा चित्रण गरेका छन् । सामाजिक सञ्जालमार्फत बिहीबार साँझ ५ बजेदेखि लागू हुने गरी युद्धविरामको सहमति भएको जानकारी दिएको केही घण्टापछि यो घोषणा आएको हो भने यस सम्झौताले हिजबुल्लाहसँग सम्बन्धित समस्या समाधान गर्ने विश्वास समेत उनले व्यक्त गरेका छन् । अमेरिकी विदेश मन्त्रालयले जारी गरेको ६ बुँदे विज्ञप्तिअनुसार युद्धविरामको अवधिमा इजरायलले आफ्नो आत्मरक्षाका लागि आवश्यक सबै कदम चाल्ने अधिकार सुरक्षित राखेको छ तर उसले लेबनानी भूभागमा हवाई, स्थल वा समुद्री मार्गबाट कुनै पनि आक्रामक सैन्य कारबाही नगर्ने प्रतिबद्धता जनाएको छ ।

यस्तै लेबनान सरकारले यस अवधिमा हिजबुल्लाह र अन्य गैर-राज्य सशस्त्र समूहहरूलाई शत्रुतापूर्ण गतिविधि गर्नबाट रोक्न ठोस कदम चाल्ने सहमति भएको छ। यदि वार्तामा सकारात्मक प्रगति देखिएमा र लेबनानले आफ्नो सार्वभौमसत्ता प्रभावकारी रूपमा प्रदर्शन गरेमा यो युद्धविराम आपसी सहमतिमा थप विस्तार गर्न सकिने प्रावधान राखिएको छ । यसैबीच इजरायली प्रधानमन्त्री नेतान्याहुले युद्धविरामको समयमा इजरायली सेना लेबनानमा हालकै स्थानहरूमा रहने र त्यहाँबाट पछि नहट्ने स्पष्ट पारेका छन् भने दुवै देशका सरकारहरू युद्धविरामका सर्तहरूमा पूर्ण रूपमा सहमत भइसकेको विदेश मन्त्रालयले बताएको छ ।

# नौ महिनामा ४१ अर्ब रुपैयाँभन्दा बढी विदेशी लगानी प्रतिवद्धता

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ बैशाख



पछिल्लो समय नेपालमा वैदेशिक लगानी भित्रिने क्रम उत्साहजनक रूपमा बढिरहेको छ। उद्योग विभागको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको पहिलो नौ महिनामा ६१५ वटा परियोजनाका लागि कुल ४१ अर्ब ७९ करोड ८५ लाख रुपैयाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको छ ।

यस लगानीमार्फत मुलुकभित्र २२ हजार ३१६ जनाले रोजगारी पाउने प्रक्षेपण गरिएको छ । विभागको प्रतिवेदनले चैत महिनामा मात्रै थप ६१ वटा नयाँ परियोजनाका लागि १ अर्ब १२ करोड ९२ लाख रुपैयाँ लगानी सुनिश्चित भएको देखाएको छ । लगानीका विभिन्न क्षेत्रहरूमध्ये कृषिमुलक उद्योगमा सबैभन्दा आकर्षण देखिएको छ, जहाँ १६ वटा परियोजनाका लागि मात्रै २२ अर्ब ८ करोड ८० लाख रुपैयाँ लगानीको प्रतिबद्धता आएको छ। यसैगरी पर्यटन उद्योगको क्षेत्रमा १६४ वटा परियोजनामार्फत ११ अर्ब ४६ करोड २० लाख रुपैयाँ वैदेशिक लगानी भित्रिएको छ । सेवामुलक क्षेत्रमा ४७ वटा परियोजनाका लागि ३ अर्ब ८९ करोड ६४ लाख रुपैयाँ र उत्पादनमुलक औद्योगिक क्षेत्रतर्फ ३८ वटा परियोजनाका लागि २ अर्ब ५४ करोड ५६ लाख रुपैयाँ लगानी हुने सुनिश्चित भएको छ । सूचना तथा प्रविधिको क्षेत्रमा सङ्ख्यात्मक रूपमा सबैभन्दा बढी ३४६ वटा परियोजनाहरू रहे तापनि लगानीको परिमाण भने १ अर्ब ४५ करोड ७२ लाख रुपैयाँ मात्र रहेको छ ।

# ईस्कोन जनकपुरधामले भव्य रथयात्रा सहित जानकी नवमी मनाउदै

ओपि साह
जनकपुरधाम, ४ बैशाख

जानकी नवमी महा महोत्सवको अवसर पारेर मधेश प्रदेशको राजधानी जनकपुर धाममा यस वर्ष पनि भव्य धार्मिक कार्यक्रमहरू आयोजना हुने भएका छन्। अन्तर्राष्ट्रिय कृष्ण भावनामृत संघ इसकोन नेपाल द्वारा आयोजना गरिने कार्यक्रम प्रति श्रद्धालुहरूमा उत्साह बढ्दो देखिएको छ।

आज शुक्रबार आयोजित पत्रकार सम्मेलनमा संस्थाका अध्यक्ष रामेश्वर दासले वैशाख ५ गतेदेखि ११ गतेसम्म श्रीमद्भागवत कथा आयोजना गरिने जानकारी गराएका छन्। कथा दैनिक दिउँसो २ बजेदेखि ६ बजेसम्म सञ्चालन हुनेछ भने प्रत्येक दिन भक्तजनहरूका लागि प्रसाद वितरण गरिनेछ । महा महोत्सवको प्रमुख आकर्षणका रूपमा वैशाख १३ गते भव्य जगन्नाथ रथयात्रा आयोजना गरिनेछ। रथयात्रा परिक्रमा सडक हुँदै कदम चोक, राममन्दिर र मुरली चोक पार गर्दै पुनः ईस्कोन परिसरमा समापन हुने कार्यक्रम तय गरिएको छ, जसले सहर भर धार्मिक माहोल थप सशक्त बनाउने अपेक्षा गरिएको छ। कथा वाचनका लागि अनन्त कृष्ण दास गोस्वामी महाराज सहभागी हुनेछन्, जसले भक्तजनहरू लाई आध्यात्मिक चेतना र जीवनोपयोगी सन्देश प्रदान गर्नेछन्। यसै अवसरमा ईस्कोन मन्दिरको शिलान्यास समेत गरिने भएको छ। उपाध्यक्ष रमेश कुमार साहका अनुसार मन्दिर निर्माणको प्रारम्भिक चरणमा करिब २५ करोड रुपैयाँ लगानी हुने र दीर्घकालीन रूपमा करिब २ अर्ब रुपैयाँ बराबरको योजना अघि बढाइनेछ। स्थानीय तहको तर्फबाट पनि परियोजनामा सक्रिय सहकार्य रहने जनाइएको छ। वडाध्यक्ष राघवेन्द्र साहका अनुसार नेपाल



सरकारको स्वामित्वमा रहेको ३ विघा १० कठ्ठा जमिन संस्थालाई उपलब्ध गराइएको छ, जसमा १ विघा क्षेत्र श्मशान घाटका लागि छुट्याइएको छ।

धार्मिक आस्था, सांस्कृतिक संरक्षण र पर्यटन प्रवर्द्धन लाई एकसाथ अघि बढाउने उद्देश्यले आयोजना गरिने यस्ता कार्यक्रमहरूले जनकपुरधामको पहिचानलाई अझ सुदृढ बनाउने विश्वास गरिएको छ।

# भक्तपुरमा वाइल्ड फायर नाइट : प्रमोद र दुर्गेश एउटै कन्सर्टमा देखिँदै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ बैशाख




शनिबार भक्तपुरको सल्लाघारीमा भक्तपुर वाइल्ड फायर नाइट आयोजना हुने भएको छ । सो साङ्गीतिक कार्यक्रममा प्रमोद खरेल एन्ड परम्परा ब्याण्ड र दुर्गेश थापा नेतृत्वको साङ्गीतिक टिमले दर्शक नचाउने भएका हुन् ।

भक्तपुर औद्योगिक सांस्कृतिक पर्यटन तथा व्यापार महोत्सवका अवसरमा हुन लागेको सो कन्सर्टमा दुस्मन हेरेको हेरै लगायतका दर्जनौं चर्चित गीत गाएका थापाको प्रस्तुति रहने भएको छ । कन्सर्टमा खरेल एन्ड परम्परा ब्यान्डको समेत विशेष प्रस्तुति रहने आयोजक औद्योगिक शान्ति नेपालका अध्यक्ष सन्दीप महतले जानकारी दिए । अध्यक्ष महतका अनुसार दुर्गेश र प्रमोद पहिलो पटक एउटै कन्सर्टमा देखिने छन् । चर्चित जोडी एकै स्थानमा हेर्ने मौका भक्तपुर लगायतका स्थानीयवासीलाई उपलब्ध हुन लागेको अध्यक्ष महतले बताए ।

कन्सर्टमा खरेलले झ्यालबाट हेर लगायतका चर्चित गीत गाउने जनाइएको छ। कन्सर्ट हेर्न चाहनेले खल्ती लगायतका एप्स प्रयोग गरी दुई सय ५० र पाँच सय रुपैयाँको टिकट लिन सक्ने व्यवस्था मिलाइएको अध्यक्ष महतको भनाइ छ ।

विगत १२ वर्षदेखि आयोजना हुँदै आएको दसौं भक्तपुर औद्योगिक सांस्कृतिक पर्यटन तथा व्यापार महोत्सव करिब एक लाख दर्शकले अवलोकन गरिसकेका छन् ।

# ऐतिहासिक खेलअघि नेपाली टोलीमा कप्तान सहित उल्लेख्य परिवर्तन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ बैशाख



नेपाली क्रिकेट टोलीले आगामी सोमबार र मंगलबार यूएईसँग घरेलु मैदानमा दुई खेलको टी-२०आई शृंखला खेल्दै छ । नेपाली क्रिकेटका लागि यी दुई खेलको शृंखला ऐतिहासिक हुनेछ किनभने नेपालमा रातको समयमा फ्लडलाइटमा पहिलोपटक अन्तर्राष्ट्रिय खेल हुँदैछ ।

त्रिवि क्रिकेट मैदानको स्तरोन्नतिपछि नेपाली राष्ट्रिय क्रिकेट टोलीले पहिलोपटक घरेलु मैदानमा अन्तर्राष्ट्रिय खेल खेल्दैछ । यस खेलका लागि नेपाली टोलीमा उल्लेख्य परिवर्तन समेत गरिएको छ । टी-२० विश्वकपसम्म नेपाली टोलीको कप्तानी गरेका रोहित पौडेल यी दुई खेलका लागि १५ सदस्यीय टोलीमै परेका छैनन् । कप्तानको जिम्मेवारी दीपेन्द्रसिंह ऐरीले पाएका छन् । यसअघि दीपेन्द्र उपकप्तान रहँदै आएका थिए । रोहित ओडीआई टोलीको कप्तान भने कायमै छन् । दीर्घकालीन योजनाअनुसार नै दुई फरक कप्तान चयन गरिएको नेपाल क्रिकेट संघ (क्यान) का प्रवक्ता छुम्बी लामाले बताएका छन् । 'अहिलेलाई क्यानको निर्णय दीर्घकालीन योजनाअनुसार नै हो । रोहित टी-२०आईको टिममै नपरेको कुरा पनि सेलेक्सन कमिटीकै निर्णय हो । हाललाई ओडीआईको कप्तान चाहिँ रोहित नै हो' लामाले अनलाइनखबरसँग भने । नेपाली क्रिकेटमा पहिलोपटक दुई फर्म्याटको छुट्टाछुट्टै कप्तान चयन भएका हुन् । त्यसमाथि समग्र टिममा नै उल्लेख्य परिवर्तन भएको हो ।

# रास्वपालाई क्रसचेक : सुरु भयो विपक्षी दलको मोर्चाबन्दी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ बैशाख



प्रतिनिधि सभामा झण्डै दुई तिहाइ बहुमत भएकाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संसदीय समितिका सबै सभापतिमा एकलौटी गरेको छ। सार्वजनिक लेखा समिति बाहेक ११ वटै समितिको सभापतिमा रास्वपाका सांसदहरू निर्वाचित भएका छन् ।

रास्वपाको निर्णय बमोजिम राज्य व्यवस्था तथा सुशासन समितिमा हरि ढकाल, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा अशोककुमार चौधरी, महिला तथा सामाजिक मामिला समितिमा आकृति अवस्थी निर्वाचित भएकी छन् । उद्योग, वाणिज्य र श्रम तथा उपभोक्ता समितिमा रहबर अन्सारी, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा ओजश्वी शेरचन, अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिमा सुम्नीमा उदास, अर्थ समितिमा कृष्णहरि बुढाथोकी निर्वाचित भएका छन् । राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वमा गणेश कार्की र संसदीय सुनुवाइ समितिको सभापतिमा बोधनारायण श्रेष्ठ निर्वाचित भए । रास्वपाको समेत समर्थन हुँदा लेखा समितिको सभापतिमा कांग्रेसका सांसद भरतबहादुर खड्का निर्विरोध भए । विपक्षी दलहरुले उम्मेदवारी नदिएकाले अरू ९ वटा समिति सभापति पनि निर्विरोध भए ।

तर, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिमा एमालेका गुरुप्रसाद बरालको पनि उम्मेदवारी थियो । उनलाई कांग्रेस र नेकपाका सांसदहरुले समर्थन गरेका थिए । यस्तै राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति सभापतिमा पनि मत विभाजन गर्नु परेको छ । यो समितिमा रास्वपाका बोधनारायण श्रेष्ठ र नेकपाका मदनकुमारी शाह (गरिमा) को उम्मेदवारी परेको थियो । संसदीय समितिका सभापति चयनका सन्दर्भमा रास्वपाले अरु दलहरूसँग सहकार्य नगर्ने संकेत गरेपछि विपक्षीहरूको संयुक्त बैठक बसेको थियो ।

# वनको सही व्यवस्थापनले दिन सक्छ १० लाख रोजगारी

-संयुक्त राष्ट्रसङ्घले वनलाई राष्ट्रिय आय र रोजगारी बढोत्तरीसँग जोड्न र दिगो व्यवस्थापनलाई उच्च प्राथमिकता दिन आग्रह गरेको छ। नेपालमा वन क्षेत्रले देशको ४६ प्रतिशत भूभाग ओगटेको छ तर जीडीपीमा यसको योगदान २ प्रतिशत मात्रै छ र वार्षिक काठ उत्पादन घरेलु खपतका लागि अपर्याप्त छ।

वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनले वार्षिक १५ देखि ३५ करोड घनफिट काठ उत्पादन र १० लाख स्थायी रोजगारी सिर्जना गर्न सक्ने सम्भावना छ। अमेरिकी राष्ट्रपति फ्याङ्कलिन डी रुजवेल्टले अति औद्योगिकीकरण र प्रदूषणका कारण बिग्रँदै गएको देशको वातावरण संरक्षण गर्न निकै महत्त्वपूर्ण मानिने प्राकृतिक स्रोत तथा वन क्षेत्र पुनर्स्थापनाका लागि नागरिक परियोजना (सीसीसी प्रोजेक्ट) अघि बढाउँदा भनेका थिए: 'हाम्रो प्रकृति र रूखबिरुवालाई मानिसलाई दिएजत्तिकै बराबरी सम्मान दिनुपर्छ।' उनको यस कार्य उत्प्रेरणाले के देखाउँछ भने प्रकृति र वन-जङ्गलको दिगो संरक्षण एवं पुनर्स्थापनाको कार्य संसारका सबै देशको उच्च प्राथमिकता नीतिमा पर्नुपर्छ भन्ने नै हो।

राष्ट्रपति रुजवेल्टसँग १०० वर्षअघि नै यस्तो गहिरो पर्या-चेतना थियो। परम्परागत अर्थशास्त्रले वन उत्पादनका रूपमा रूख वा काठ/गोलिया (ट्रिउड- लम्बर एन्ड टिम्बर) लाई मात्रै आर्थिक वस्तु मान्ने तर वनबाटै उत्पादन हुने र समाजले धेरै उपयोग गर्ने अन्य वातावरणीय वस्तु तथा सेवाहरू गैरआर्थिक वस्तु मानिंदा साँच्चै वन क्षेत्रले कति मौद्रिक मूल्य बराबरको आर्थिक योगदान अर्थतन्त्रको वृद्धिमा सिर्जना गर्ने रहेछ भन्ने हरहिसाब गरिन्थ्यो। जसले जीडीपी (कुल गार्हस्थ्य उत्पादन) मा वन क्षेत्रको वास्तविक योगदान देखिंदैनथ्यो। तर आजकाल वातावरणीय वस्तु र सेवाहरूको बजार योगदान पनि जीडीपीमा समेटेर बहुआयामिक पर्या-लाभ गणना विधिबाट पनि जीडीपी निकाल्न थालिएको छ। यसैले संयुक्त राष्ट्रसङ्घले यो वर्षको नाराबाट वनलाई अर्थतन्त्रको मूलधार (राष्ट्रिय आय र रोजगारी बढोत्तरी) सँग जोड्न जरूरी छ भन्ने सन्देश दिंदै फरेस्ट्स एन्ड इकोनोमिजको ढाँचा ल्याएको हो। राष्ट्रसङ्घका अनुसार संसारभर यतिबेला ४.१ बिलियन हेक्टर वन क्षेत्र रहेको छ। जो ग्लोबल ल्यान्ड एरियाको ३२ प्रतिशत भूभाग पर्छ। यसमध्ये चौडापाते उष्ण र उपोष्ण प्रदेशीय वनको क्षेत्रफल (ट्रपिकल एन्ड सब-ट्रपिकल फरेस्ट एरिया) आधाभन्दा बढी छ भने बाँकी कोणधारी सल्लाको वन छ।

उष्ण वन क्षेत्रले बढी आर्थिक योगदान गरे पनि यो मासिंदै गएकोले उच्च जोखिममा रहेको वन (हाई रिस्क फरेस्ट) मानिएको छ। वन विनाश र वनको हैसियत घटोत्तरीको प्रभावले हरेक वर्ष यसै उष्ण क्षेत्रको १० मिलियन हेक्टर वन क्षेत्र मासिने गरी चपेटामा परिरहेको छ। यतिबेला वन क्षेत्रबाट खाद्य उत्पादन, पानी आपूर्ति, वातावरणीय सेवा उपभोग जस्तै; जलवायु उत्थानशीलता, कार्बन अधिशोषण र जलचक्र निरन्तरता जस्ता क्रियाकलापहरू बढाई सामाजिक कल्याणका लागि बढीभन्दा बढी वन क्षेत्र कायम राख्नुपर्ने आवाज उत्तिकै उठेको छ। वन क्षेत्रबाट उत्पादन गरिने वस्तु तथा सेवाको यथेष्ट आपूर्ति बढाई समग्र अर्थतन्त्र नै दिगो र हरित अर्थतन्त्रमा रूपान्तरण बनाउने भन्ने बहस पनि आएको छ। जसलाई 'बायो-इकोनोमी' (जैव-अर्थतन्त्र) भन्ने गरिन्छ। यसमा वैज्ञानिक र सघन वन व्यवस्थापनका प्रारूपहरू अपनाइन्छ। वास्तवमा जलवायु परिवर्तनसँग जुध्न यो बायो-इकोनोमीको ढाँचालाई प्रोत्साहन गरी फोसिल फ्री (कार्बनमुक्त) अर्थतन्त्र बनाउनेतर्फ लाग्न सबै देशहरूले एकीकृत वन व्यवस्थापन र वन उत्पादन वृद्धि नीतिलाई प्राथमिकता दिन राष्ट्रसङ्घले थप अपिल पनि गरेको छ। बायो-इकोनोमी: वैकल्पिक अर्थतन्त्रको प्रभावकारी ढाँचा- डेढ सय वर्षअघि औद्योगिक काल शुरु भएयता संसारभर अधिकतम वृद्धि (ग्रोथ) सिद्धान्तमा आधारित अर्थतन्त्र फस्टायो। यस अर्थतन्त्रले वस्तु उत्पादन, बजार र नाफालाई केन्द्रमा राख्यो। सन् १८०० मा १.८ ट्रिलियन डलरको वैश्विक जीडीपी सन् २०२५ मा आइपुग्दा १३० ट्रिलियन डलर भएको छ र निरन्तर बढ्दो छ। प्लास्टिक, सिमेन्ट, स्टिल, हाई-टेक प्रविधि र पेट्रो ऊर्जाको व्यापक प्रयोजन हुन थालेपछि नै यसरी उत्पादन बढ्ने क्रम तीव्र भयो। साठीको दशकयता यस्तो ग्रे-इकोनोमी बढी विस्तारित भएको देखिन्छ।

यतिखेर अर्थतन्त्रको आकार, जीडीपी, रोजगारी र पर-क्यापिटा त अगाडि गयो तर यही पचास वर्षको अवधिमा वातावरण क्षेत्रमा भने यसको नकारात्मक प्रभाव व्यापक भयो। कीटनाशक औषधि, रासायनिक विषादी र हावा, जल-जमिन प्रदूषणले कृषि क्षेत्र तहसनहस भयो। जैविक विविधता सङ्कटमा गयो अनि जनस्वास्थ्य पनि उसरी नै बिग्रियो। वन कटानी एवं जैविक प्रजातिहरूको विलोपन तीव्र भयो र उद्योगमा अति खनिज ऊर्जा (कोइला, पेट्रोल, खनिज तेल) प्रयोजनले वायुमण्डलमा कार्बन-मिथेन जस्ता हरितगृह ग्यास उत्सर्जन ज्यादै धेरै भई जलवायु परिवर्तन (ग्लोबल वार्मिङ) समस्या देखियो र पृथ्वीको तापमान १.५ डिग्रीमाथि बढ्न गइरहेको छ।




यतिबेला प्लास्टिक खपत समेत जतातातै अधिक भयो, फलस्वरूप प्लास्टिक-ट्रेस फोहोर ८ ट्रिलियन टन समुद्रको पिंधमा थुप्रिएर बसेको छ जसले समग्र सामुद्रिक पर्यावरण नै अम्लीय बनाएको छ।

अर्थतन्त्रले हालको अधिक फोसिल फ्युलमा आधारित कार्बनजन्य अर्थतन्त्र (पेट्रो-इकोनोमी) लाई विस्थापन गरी बायो-इकोनोमीको रूप लिनेछ जो दिगो र सतत: विकास मार्फत अन्तरपुस्ता अधिकतम कल्याणकारी रहनेछ भनिएको छ। यसलाई कार्बन उत्सर्जन नगर्ने हरित अर्थतन्त्र एवं सर्कुलर (थ्रीआर) इकोनोमी पनि भन्ने गरिन्छ। यसरी पृथ्वीमा ट्रिपल प्लानेटरी क्राइसिस देखिएको हो जो मानवजातिको समग्र विनाशका लागि भयानक समस्याका रूपमा खडा भएको छ आज। यस्तो वृद्धि सिद्धान्तमा केन्द्रित रहेको अर्थतन्त्रको प्रारूपले प्राकृतिक स्रोतहरूको अतिदोहन र इर्रिभर्सिबल ड्यामेज (पुनर्स्थापना नहुने गरी उत्पादनका स्रोत मासिने) सृजित गरेका कारण अर्थतन्त्र दिगो (सस्टेनेबल) रूपले अगाडि जान सक्दैन र आउँदो पुस्ताका लागि यो उत्पादन प्रणालीले सामाजिक न्याय प्रत्याभूत पनि गर्दैन, यसले केवल अभाव मात्रै सिर्जना गर्छ भन्ने चिन्ता अर्थशास्त्रीहरूले गरिरहेका छन्। यसैले यस्तो अर्थतन्त्रको उत्पादन-खपत प्रणालीलाई पर्यामैत्री ढाँचामा परिवर्तन गरी नवीकरणीय स्रोत र जैविक पिण्ड-स्रोत (रिन्युवेबल रिसोर्स/बायोमास) मा आधारित रहने र पुनर्चक्रीय उपयोग (रिसाइकल) गर्न सकिने अर्थतन्त्रको ढाँचा बनाउन जोड दिइएको छ। जसलाई वैकल्पिक अर्थतन्त्र र पोस्ट-ग्रोथ इकोनोमी समेत भनिन्छ। यस्तो अर्थतन्त्रले हालको अधिक फोसिल फ्युलमा आधारित कार्बनजन्य अर्थतन्त्र (पेट्रो-इकोनोमी) लाई विस्थापन गरी बायो-इकोनोमीको रूप लिनेछ जो दिगो र सतत: विकास मार्फत अन्तरपुस्ता अधिकतम कल्याणकारी रहनेछ भनिएको छ। यसलाई कार्बन उत्सर्जन नगर्ने हरित अर्थतन्त्र एवं सर्कुलर (थ्रीआर) इकोनोमी पनि भन्ने गरिन्छ। हो, यही हरित अर्थतन्त्र वा जैविक-अर्थतन्त्र (बायो-बेस्ड इकोनोमी) पृथ्वी, समाज, जलवायु र आम जनताका लागि फाइदाजन्य रहने भन्नेछ। खासमा यस्तो हरित अर्थतन्त्र नै वातावरणीय न्याय र सामाजिक न्याय सम्मिश्रित कल्याणकारी अर्थतन्त्र हो। यो खाले अर्थतन्त्रको ढाँचा निर्माण गर्न वन क्षेत्रमा उत्पादन बढोत्तरी गर्न अपरिहार्य छ भने कृषि क्षेत्रलाई पनि अर्गानिक कृषि र पर्माकल्चर पद्धतिमा रूपान्तरण गर्नुपर्ने हुन्छ। अझ जोड दिएर भन्दा त वन क्षेत्र नै बायो-इकोनोमीको मेरुदण्ड हो। यसले कार्बनमुक्त अर्थतन्त्र निर्माण गर्न उल्लेख्य सहयोग गर्ने भएकाले वन क्षेत्रको उत्पादन पनि उल्लेख्य बढाउन भनिएको हो। पृथ्वीका ६ अर्ब मानिसहरूका लागि पर्याप्त जैविक खाना, जैविक इन्धन, फाइबरजन्य लत्ताकपडा, स्वच्छ पानी, वनौषधि र घरबास-फर्निचर जस्ता निर्माणजन्य (काठ जस्ता) आधारभूत आर्थिक वस्तु सतत: रूपमा उत्पादन गर्ने गरी सघन वन व्यवस्थापन गर्न सकिने प्रारूपहरू पनि यही सन्दर्भमा तयार भएका छन्। यसैले वनको सक्रिय व्यवस्थापनलाई हरित अर्थतन्त्र वृद्धिको ढाँचासँगै राष्ट्रिय नीतिमार्फत समायोजन गरी तत्काल अघि बढाउन राष्ट्रसङ्घले सबै मुलुकहरूलाई आग्रह गरेको हो। सामुदायिक वन- वन पैदावार, जीडीपी र रोजगारी: जापानस्थित अन्तर्राष्ट्रिय ट्रपिकल टिम्बर अर्गनाइजेसन (इट्टो-२०२५) का अनुसार वैश्विक स्तरमा हेर्दा वन क्षेत्रबाट उत्पादित हुने चिरान काठको हाल आपूर्ति परिमाण ७० मिलियन घनमिटर छ जो सन् २०३० मा १०० मिलियन घनमिटर पुग्ने प्रक्षेपण छ। यसरी नै वनमा आधारित भई पूर्णकालीन जीवनयापन र रोजगारी प्राप्ति गर्नेहरूको जनसङ्ख्या १.६ अर्ब हाराहारी छ। जसमा बढीजसो आदिवासी, रैथाने, तल्लो आयवर्ग र महिलाहरू वनमा आश्रित रोजगारीभित्र टिकिरहेका छन्।

के यो रोजगारी सङ्ख्या र जीडीपी थप बढाउन सकिन्छ? वन विज्ञहरू यसैमा घोत्लिरहेका छन्। खासगरी पारिस्थितिकीय प्रणालीको योगदान (पेमेन्ट फर इकोसिस्टम सर्भिसेज) को मौद्रिक ढाँचा रहेको अर्थप्रणाली अपनाउने हो भने यो सम्भव छ, उनीहरू भन्छन्। अहिले पनि संसारको ४४ ट्रिलियन जीडीपी वनजन्य उत्पादन र सेवाबाटै सिर्जना भइरहेको छ। यतिबेला बढ्दो तापमान वृद्धि रोक्न उत्पादन र उपभोगस्तर नै तल झार्ने डिग्रोथ इकोनोमीको बहस संसारभर तेज भइरहेको छ। यदि फोसिल फ्युल दहन कम र यसबाट बन्ने वस्तुहरूको पनि कम प्रयोजन गऱ्यौं भने यो जलवायु परिवर्तनबाट छुटकारा पाउन पनि सकिन्छ। यसैले डिग्रोथ सिद्धान्तका अर्थशास्त्रीहरू भन्छन- बायो-बेस्ड प्रोडक्टहरू उत्पादन र खपत गर्ने अर्थतन्त्र बनाउनेतर्फ लाग्ने समय आइसकेको छ। यसर्थ वन क्षेत्र र जैविक वस्तु उत्पादन क्षेत्रलाई अब अर्थतन्त्रमा महत्त्व दिइनुपर्छ। जस्तो: पोलिमर प्लास्टिकको सट्टा जैविक प्लास्टिक तथा पातेप्लेट-टपरीहरू, स्टिलको सट्टा काठ संरचना निर्माण, पेट्रोल-डिजलको सट्टा बायो-इथानोल-ब्रिकेट, रासायनिक मलको सट्टा जैविक कम्पोस्ट मल, औषधिमा जैविक फर्माकोपिया अनि प्लास्टिकको रेसाभन्दा नेचुरल फाइबरका कपडाहरू राम्रा विकल्प हुन्छन्। यसरी नै जैविक खाद्यान्न, फलफूल र वनौषधिको उत्पादन-उपभोग बढाउन सकिन्छ। नेपालको वन क्षेत्रबाट विश्व बजारमा धेरै माग भएका साल, सल्ला, सिसौ, खयर, अस्ना प्रजातिका काठ (टिम्बर) पर्याप्त र फालाफाल उत्पादन गर्न सक्ने सम्भावना भए पनि हाल २ करोड घनफिट मात्रै उत्पादन देखिन्छ जो घरेलु खपतलाई पनि अपर्याप्त छ, यो अर्को विडम्बना हो। तसर्थ अर्थशास्त्रीहरू सन् २०५० सम्म वैश्विक जीडीपीको आधा भाग यही बायो-बेस्ड मेटेरियलमा निर्भर गर्न सकिने खाका बनाइरहेका छन्।

यसैले गर्दा वन क्षेत्र नै जैविक अर्थतन्त्रको मुख्य लगानी क्षेत्रका रूपमा पहिचान भएकाले यसमा निम्न प्रक्रियाबाट बायो-बेस्ड मेटेरियलको उत्पादन बढाउँदै क्रमश: जीडीपी, आय र रोजगारी पनि उल्लेख्य बढाउन सकिनेछ भनेका छन्, (प्रा. एरिक गेभल, 'ए पाथ ट्रान्जिसन टुवार्ड द बायो इकोनोमी-२०१९', लिपजिग विश्वविद्यालय, जर्मनी)।

उनका अनुसार बायो-इकोनोमीका ३ वटा आधारस्तम्भ छन्। जसमा (क) दिगो उत्पादकीय स्रोत निश्चितता, (ख) दिगो उत्पादन र प्रशोधन प्रक्रिया र उत्पादन हुने वस्तु निरन्तरता, (ग) सर्कुलर फ्रेम अफ मेटेरियल फ्लक्स। यसरी नै युरोपेली युनियनले 'ग्रीन डिल' अवधारणा र 'ग्रीन इनोभेसन'लाई यिनै तीन आधार क्षेत्रसँग जोड्दै हरित अर्थतन्त्रको प्रभावकारी सङ्क्रमण रणनीति बनाइरहेको छ।

**सांभार : अनलाईन खबर।**







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday